## के गर्दै छ त फाउण्ड ?

रोजगारविहीन नेपाली अपाङ्गता भएका व्यक्तिहरुको लागि ऊर्जाशील अवसर (फाउण्ड) परियोजना अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिक रुपले सबल बनाउने उद्धेश्यका साथ सञ्चालित एउटा परियोजना हो ।

फाउण्ड परियोजना द लेप्रोसी मिशन नेपालले बेलायत सरकारको अन्तराष्ट्रिय विकास विभाग र द लेप्रोसी मिसन इङ्गल्याण्ड र वेल्सको संयुक्त प्राविधिक तथा आर्थिक सहयोगमा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र नेपाल उद्योग वाणिज्य महासंघसँगको संयुक्त साझेदारीमा सञ्चालित परियोजना हो ।

यो परियोजना २०१९ देखी २०२३ सम्म नेपालका पाँच जिल्लाहरु रुपन्देही, कपिलवस्तु, ललितपुर काठमाडौ र मोरङ मा संञ्चालनमा रहेको छ । हामी लुम्बिनी प्रदेशको रुपन्देही र कपिलवस्तु जिल्लामा औपचारिक रुपमा क्रियाशील रहँदै आएका छौं । रुपन्देहीको बुटवल उपमहानगरपालिका ८, सुख्खानगरमा प्रदेश कार्यालय तथा कपिलवस्तुको वाणगंगा नगरपालिकाको वडा नं ४ गजेडामा सम्पर्क कार्यालय स्थापना गरी परियोजनाको सुरुवात गरिएको छ ।

यस प्रदेश कार्यालय अन्तर्गत रुपन्देही र कपिलवस्तु जिल्लामा अपाङ्गता भएका व्यक्ति र उनीहरुको परिवारहरुलाई लक्षित गरी यो परियोजनाले गर्ने क्रियाकलापहरु :

१. अपाङ्गता समावेशी कार्यस्थलको बारेमा व्यवसायीहरुलाई संवेदनशिल बनाउने ।
२. रोजगारदाताहरुको लागि आवश्यक सीपहरुको बजार अध्ययन गर्ने ।
३. अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता र क्षमता अनुसारको प्रशिक्षण, मार्ग निर्देशन तथा परामर्श सेवा प्रदान गर्ने ।
४. अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगार तथा स्वरोजगारमा संलग्न गराउन अवसरको खोजी गर्ने ।
५. रोजगार पसल स्थापना गरी अपाङ्गता भएका व्यक्तिलाई रोजगार पसल मार्फत् रोजगारीको अवसर सगँ जोड्न मद्दत गर्ने ।
६ अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता र क्षमता अनुसारको प्रशिक्षण, मार्ग निर्देशन तथा परामर्श सेवा प्रदान गर्ने ।
७. अपाङ्गता भएका व्यक्तिहरुलाई कामको अनुभव दिलाउन इन्टर्नसिप तथा नोकरी प्रशिक्षण जस्ता अवसरहरु प्रदान गर्ने ।
८. अपाङ्गता भएका व्यक्तिहरुलाई काममा सहज बनाउनका लागि आवश्यक सुधारात्मक शल्यक्रिया, व्यवसयिक तथा फिजियोथेरापी जस्ता सेवाहरु र सहायक सामग्री र उपकरण उपलब्ध गराउनुका साथै कार्यस्थललाई आवश्यकताअनुसार पहुँचयुक्त र समावेशी बनाउन पहल गर्ने ।
९. स्वरोजगार हुन चाहने अपाङ्गता भएका व्यक्तिहरुलाई बिउपुँजी उपलब्ध गराउनुका साथै उत्पादित सामाग्रीहरुको बजारीकरणमा समेत सहजीकरण गर्ने ।

हालसम्म यो परियोजना ३५ रोजगारदाताहरु, १०९ जना अपाङ्गता भएका व्यक्तिहरु, १४ स्थानीय तह तथा विभिन्न सरोकारवाला संघ संस्थाहरुसंग निरन्तर सहकार्य गरी अगाडि बढिरहेको छ । जस अन्तर्गत रोजगारदातासंग अपाङ्गता भएका व्यक्तिहरुको रुचि, चाहना, क्षमता र आवश्यकताको आधारमा रोजगारमा संलग्न गराउने, व्यवसाय छनौट तथा व्यवसायिक योजना निर्माण तथा प्रवर्द्धन गर्ने र रोजगारदाता तथा कामदार बीच समन्वय गराउने कार्यलाई निरन्तरता दिँदै दुबै पक्षलाई आवश्यक परामर्श प्रदान गर्दे आइरहेको छ ।

UKaid
from the British people

# फाउण्ड (FOUND)

The Leprosy Mission Nepal
transforming individuals and communities

## रोजगार विहीन अपाङ्गता भएका व्यक्तिहरुका लागि ऊर्जाशील अवसर परियोजना




NFD-N

FNCCI

## फाउण्ड परियोजना


ताल्छीखेल-१४, सातदोबाटो टीका भैरव रोड, ४४७००
फोन नं. ०१-५१५१३७१, टोल फ्रि फोन नं. १६६० ०१ ०८०००
इमेल :found.info@tlmnepal.org
बुटवल कलस्टर : ०७१-५४३३२४
९८५७०५०३५५, ९८४७१२९११०, ९८६७४००९१३
बुटवल उपमहानगरपालिका-८, सुख्खानगर, रुपन्देही

## रोजगारीमा आवद्ध अपाङ्गता भएका व्यक्तिको भनाइ

### रेखा राना:



कतै बाटोमा हिँडिरहेका बेला कतै जाँदा मानिसहरु भन्ने गर्दथे ऊ बहिरी छे । उसले केही गर्न सक्दिन आखाँले हेरेर मात्र के गर्नु ? जब मैले कुनै ठाउँमा रोजगारीका लागि आवेदन गर्दथेँ मेरो अगाडि सबैले सहनुभूति देखाउथे तर मलाई रोजगारी दिन कोही तयार भएनन् । कसैले योग्यतामा कमी भएको, कसैले सिप नपुगेको आधार देखाई अस्वीकृत गरिरहे । आज म फाउण्ड परियोजनाकै पहलमा सौर्य गार्मेन्टमा काम गर्दैछु । मैले श्रवण शक्ति गुमाए तर हातखुट्टा गुमाएकी छैन । म पनि एउटा साङ्ग मानिससरह काम गर्न सक्छु । फाउण्ड परियोजनाले मलाई जुनअवसर दियो यसका लागि धन्यवाद दिन चाहन्छु ।

### सोनीया सिंजाली:



धेरै पटक कामको खोजीमा विभिन्न ठाउमा कुरा गर्दा सबैले हुन्छ मात्र भने अपाङ्गता भएको व्यक्ति भन्ने थाहा पाएपछि कसैले काम दिएनन् । धेरै ठाउमा अस्वीकृत भएपछि मैले आत्मविश्वास गुमाई सकेको थिएँ । जब मैले फाउण्ड परियोजनाको बारेमा थाहा पाएँ, परियोजनाको सम्पर्कमा आए उहाँहरुसगँको भेटले मेरो जीवनमा उर्जा थपियो । उहाँहरुको सहयोगमा कामको खोजी जारी राखे अन्ततोवगत्व अनि मलाई फाउण्ड परियोजनाकै पहलमा आज भुर्तेल एण्ड एसोशिएट अडिट फर्ममा रोजगारमा जोडिने अवसर प्राप्त भयो । मेरो खुट्टा नचलेर के भयो र मैले हातले सबै काम गर्न सक्छु ।

### लक्ष्मी थारु :



म अपाङ्ग छु, म अरुभन्दा फरक छु भन्ने थाहा पाए देखि नै मैले आफूलाई सधैं कमजोर भएको महसुस गरिरहेँ । अब मैले केही गर्न सक्दिनँ भन्ने लाग्दथ्यो । तर अवसर पाए सबै काम गर्न सकिने रहेछ । मन्टेश्वरी तालिमले अपाङ्गहरुलाई रोजगारका लागि सहज हुन्छ भन्ने थाहा पाए पछि मैले मन्टेश्वरी तालिम पनि लिए तर तालिमपश्चात् मलाई रोजगारी दिन तयार कोही देखिएनन् । सबैले अपाङ्गता भएको व्यक्ति भनेपछि सहानुभूति मात्र देखाउँथे तर आज फाउण्ड परियोजनाको पहलमा लुम्बिनी पाठशाला मन्टेश्वरीमा शिक्षकको रुपमा रोजगार पाएकी छु । अपाङ्ंता भएका व्यक्तिलाई कामको अवसर प्रदान गर्नुपर्दछ । उनीहरु सँगको सिपलाई अवसरमा बदल्नु पर्दछ । यसका लागि मानिसहरुमा चेतनाको जरुरी छ ।

### महेन्द्र थारु



रोजगारी पाउनको लागि यहाँ सहज छैन् । त्यसैमाथि म शारीरिक रुपमा अपाङ्गता भएको व्यक्ति, रोजगारीकै लागि धेरै ठाँउमा भौतारिनु पर्‍यो । म संग क्षमता त थियो तर अवसर भने पाएको थिएन । म माथि घर परिवार चलाउनु पर्ने जिम्मेवारी पनि थियो, त्यसैमाथि म अपाङ्ग भएका कारण घर परिवार मेरो भविष्यलाई लिएर चिन्तित पनि हुनुहुन्थ्यो । तर अहिले म फाउण्ड परियोजनाको सहयोगले गर्दा सामुदायिक अपाङ्गता बचत तथा ऋण सहकारी संस्थामा लेखापालको काम गरिरहेको छु । अपाङ्गता भएका साथीहरुलाई पनि आफ्नो सिपको सदुपयोग गर्दै रोजगार हुन अभिप्रेरित गर्दछु ।

## रोजगारदाताको भनाई

### रामहरि नेपाल

(प्रबन्ध निर्देशक सम्बृद्धि फुड प्रा. लि.)



अहिलेसम्म हामीले रोजगारीमा धेरैलाई सहयोग गर्‍यौं । तर अपाङ्गता भएका व्यक्ति हरुलाई रोजगारीमा आवद्ध गराउने कुरामा हाम्रो ध्यान पुगेको थिएन । जब फाउण्ड परियोजनाले हामीलाई अपाङ्गता भएका व्यक्तिहरुले पनि राम्रो काम गर्न सक्छन् भन्ने कुरामा विश्वास दिलाउनु भयो, त्यसपछि हामीले अपाङ्गता भएका व्यक्तिलाई रोजगारीमा जोड्यौं । अहिले परियोजनाको सहयोगमा रोजगारमा जोडिएका अपाङ्गता भएका व्यक्तिहरुले राम्रो काम गरिरहेका छन् । उनीहरुलाई कार्यस्थलमा अपाङ्गतामैत्री वातावरण सिर्जना गरेमा काममा सहजता र प्रभावकारीता हुने महसुस भएको छ । हामी सबै रोजगारदाताले उनीहरुको संवेदनशीलता र क्षमतालाई विश्वास गर्न सकेमा अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगारमा संलग्न गर्न सकिने छ ।

### सरस्वती ढुगांना

(प्रबन्ध निर्देशक, लुम्बिनी पाठशाला मन्टेश्वरी स्कुल)



मैले विगत देखि नै अपाङ्गता भएका व्यक्तिलाई निशुल्क रुपमा आफ्नो तालिम केन्द्रमा मन्टेश्वरी तालिमहरु प्रदान गर्दै आएकी थिएँ । अरु साङ्ग व्यक्ति भन्दा अपाङ्गता भएका व्यक्तिहरुमा सिक्ने रुचि, इच्छा चाहना बढी भएको पाएँ । उनीहरुको कामप्रतिको लगाव पनि अरुमा भन्दा बढी नै हुने गरेको छ । उनीहरुको काम गर्ने शैलीबाट प्रभावित भएर मैले दुई जना अपाङ्गता भएका व्यक्तिलाई आफ्नो लुम्बिनी पाठशाला मन्टेश्वरीमा रोजगारी प्रदान गरेकी छु । उहाँहरु दुवै जनाको कामबाट म निकै प्रभावित पनि छु । अपाङ्गता भएका व्यक्तिलाई अवसर दिए जुनसुकै काम पनि गर्न सक्दछन् ।